# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २२ गते २०२४ साल

श्री ५ को सरकार

उद्योग वाणिज्य–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको निकासी पैठारी (नियन्त्रण) नियमहरू २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यी नियमहरू बनाएको छः--

१. संक्षिप्त नाम र प्रारम्भः-- (१) यी नियमहरूको नाम "निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२४" रहेको छ।

(२) यी नियमहरू नेपाल र भारतको बीच निकासी पैठारी हुने माल वस्तुहरूको सम्बन्धमा मात्र लागू हुने छन्।

(३) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. परिभाषाः--

(क) "ऐन" भन्नाले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ सम्झनु पर्छ,



९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "तोकिएको माल वस्तु" भन्नाले लाइसेन्स प्राप्त नगरी निकासी वा पैठारी गर्न नपाउने गरी श्री ५ को सरकारले ऐनको दफा ३ अन्तर्गत सूचित आदेशद्वारा तोकिदिएको माल बस्तुहरू सम्झनु पर्छ,

(ग) "लाईसेन्स" भन्नाले तोकिएको माल वस्तु निकासी वा पैठारी गर्न यी नियमहरू अन्तर्गत दिइएको अनुमति पत्र सम्झनु पर्छ,

(घ) "अनुसूची" भन्नाले यी नियमहरुको अनुसूची सम्झनु पर्छ ।

३. लाइसेन्सको निमित्त दरखास्त दिंदाको कार्यविधिः-- कुनै आर्थिक वर्षमा तोकिएको माल वस्तु निकासी वा पैठारी गर्न लाइसेन्स लिन चाहने व्यक्तिले लाइसेन्स दिने अधिकारी-कहाँ दरखास्त दिनुपर्दछ ।

४. लाइसेन्स दिने अधिकारीः-- यी नियमहरुबमोजिम लाइसेन्स दिने अधिकारी निकासी पैठारी नियन्त्रक हुने छ ।

५. लाइसेन्सको प्रमाणपत्रः-- यस नियमावली अन्तर्गत निकासी वा पैठारीको निमित्त प्रदान गरिने प्रमाणपत्र अनुसूची १ वा २ बमोजिमको हुने छ र सोबमोजिम निकासी पैठारी नियन्त्रकको अधिकार निजको सामान्य रेखदेख र निर्देशनमा निजको निमित्त निजको मातहतको कर्मचारी वा भन्सार अधिकारीले पनि प्रयोग गर्न पाउने गरी निजले प्रदान गर्न सक्ने छ ।

६. दरखास्तवालाको निमित्त चाहिने योग्यता:- यी नियमहरुबमोजिम कुनै तोकिएको माल वस्तु पैठारी गर्न लाइसेन्स लिनको निमित्त दरखास्त दिने दरखास्तवाला देहाय-बमोजिमको हुनुपर्छः-

(क) नेपाल अधिराज्यभित्रको व्यापारी हुनुपर्दछ,

(ख) फर्म साझेदारी वा संगठित संस्था भए नेपाल कानूनबमोजिम स्थापित भएको हुनुपर्दछ ।

(ग) नेपाल अधिराज्यभित्र जायज्यथा भएको वा दरखास्तबमोजिम माल बस्तु पैठारी गर्न सक्ने हुनुपर्दछ ।

तर व्यापारको प्रयोजनको निमित्त नभै निजी उपभोगको निमित्त कुनै माल वस्तु पैठारी गर्न चाहने व्यक्तिको निमित्त उक्त कुनै योग्यता आवश्यक हुने छैन ।

७. लाइसेन्स दस्तूरः- (१) लाइसेन्स दस्तूर निम्नलिखित अनुसार लिइने छः-

(क) निकासी लाइसेन्सको निमित्तः- निकासी गर्ने वस्तु जतिसुकै मोल पर्ने भए पनि ... ... ... ... ... ... ... रू. १।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पैठारी लाइसेन्सको निमित्तः- पैठारी गर्न माल वस्तुको मोल लाग्ने दस्तूर

| | |
|---|---|
| रू. १०,०००। सम्मको निमित्त | रू. १।- |
| रू. १०,०००। देखि माथि जतिसुकैको निमित्त | रू. ५।- |

(२) कुनै दरखास्तवालाले लाइसेन्स दस्तूर बुझाइसकेपछि कुनै कारणले लाइसेन्स नपाउने भएमा सो रकम फिर्ता पाउने छ ।

तर श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ मुमा बडामहारानीहरू तथा श्री ५ अधिराजकुमारहरूको निजी उपयोगको निमित्त झिकाइबक्सने माल वस्तुहरू, सरकारी कार्यालय र अदालतहरूको नाममा सो कार्यालय र अदालतको कामको निमित्त पैठारी हुने माल वस्तुहरू र भन्सार सुविधा प्राप्त गरेको प्रमाणपत्र पेश गर्ने व्यक्तिहरूको नाममा पैठारी हुने माल वस्तुहरूको निमित्त लाइसेन्स दिंदा लाइसेन्स दस्तूर लाग्ने छैन ।

(३) जारी भएको लाइसेन्स हराई वा नासिई त्यसको सट्टा अर्को लाइसेन्स लिनुपरेमा नयाँ लिए सरह्कै लाइसेन्स दस्तूर लाग्ने छ ।

८. लाइसेन्सको म्यादः- लाइसेन्सको म्याद निकासी वा पैठारी गरिने माल वस्तुको किसिम हेरी साधारणतः ६ महीना र विशेष अवस्थामा १ वर्षमा नबढाई लाइसेन्स दिने अधिकारीले लाइसन्समा तोकिदिएबमोजिम हुने छ । लाइसेन्सवालाले लाइसेन्सबमोजिमको माल वस्तु लाइसेन्सको म्यादभित्र चलान गराइसक्नुपर्छ । सो म्यादभित्र चलान गराउन नसकेको कारण देखाई थप म्यादको निमित्त दरखास्त गर्ने लाइसेन्सवालालाई लाइसेन्स दिने अधिकारीले कारण मनासिब देखेमा नियम ७ मा लेखिएको दरले अर्को लाइसेन्स दस्तूर लिई बढीमा ६ महीनासम्म म्याद थप गर्न सक्ने छ । लाइसेन्समा तोकिएको म्यादभित्र र म्याद थप भएकोमा सो थप म्यादभित्र लाइसेन्सबमोजिमको माल वस्तु चलान नभएमा सो लाइसेन्स बदर हुनेछ ।

९. बैंकमार्फत गर्नुपर्नेः- श्री ५ को सरकारले अन्यथा तोकिदिएकोमा बाहेक यस नियम अन्तर्गतको निकासी पैठारी बैंकमार्फत गर्नुपर्ने छ ।

१०. निकासी वा पैठारी गरिने माल वस्तुको श्री ५ को सरकारबाट तोकिएको परिमाणका आधारमा लाइसेन्स जारी गरिनेः- यी नियमहरूबमोजिम कुनै आर्थिक वर्षमा तोकिएको माल वस्तुहरूको निकासी वा पैठारी गर्न पाउने लाइसेन्स जारी गर्दा सो वर्षको निमित्त श्री ५ को सरकारले तोकिदिएको परिमाणको अधारमा लाइसेन्स दिने अधिकारीले लाइसेन्स जारी गर्ने छ ।

१४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. लाइसेन्सको अधिकार हस्तान्तर हुन नसक्ने:- कुनै व्यक्तिको नाउंमा जारी गरिएको निकासी वा पैठारीको कुनै लाइसेन्सबमोजिमको अधिकार सोही व्यक्ति बाहेक अरू कसैले उपयोग गर्न हुंदैन ।

१२. लाइसेन्स स्थगित वा बदर गर्ने अधिकार:- लाइसेन्स दिने अधिकारीले आफूले जारी गरिसकेको कुनै लाइसेन्सलाई देहायको अवस्था परेमा कुनै बखत स्थगित वा बदर गर्न सक्ने छ:-

(क) लाइसेन्स दिने अधिकारीले गरेको निर्णयको कुनै कुरामा फरक पारी लाइसेन्स दिएको देखिएमा, वा

(ख) लाइसेन्सवालाले लाइसेन्स लिनको निमित्त पेश गरेको दरखास्तको कुनै मुख्य कुरा झुट्टा हो भन्ने लाइसेन्स दिने अधिकारीलाई लागेमा, वा

(ग) नियम १३ बमोजिम लाइसेन्स पाउन अयोग्य व्यक्तिलाई लाइसेन्स दिइएकोमा, वा

(घ) लाइसेन्सवालाले यी नियमहरूमा लेखिएको कुनै कुरा उल्लंघन गरेमा ।

१३. लाइसेन्स पाउनबाट बञ्चित गर्ने अधिकार- देहायको कुनै व्यक्तिलाई लाइसेन्स दिने अधिकारीले बढीमा ३ वर्षको लागि लाइसेन्स पाउनबाट बञ्चित गर्ने निर्णय गर्न सक्ने छ ।

(क) लाइसेन्स वा लाइसेन्सको लागि प्रमाण लाग्ने लिखतहरूमा कुनै अनधिकृत थपघट वा केरमेट गर्ने व्यक्ति, वा

(ख) सम्बन्धित विभागका कर्मचारीहरूलाई घुस रिसवत दिने व्यक्ति,

(ग) लाइसेन्सको अधिकार विना तोकिएको माल वस्तु निकासी वा पैठारी गर्ने व्यक्ति, वा

(घ) लाइसेन्स लिनको निमित्त दरखास्त दिंदा कुनै झुट्टा लिखत पेश गर्ने व्यक्ति, वा

(ङ) एउटै व्यक्तिले लाइसेन्स दिने अधिकारीलाई झुक्याउने नियतले विभिन्न नाउंबाट लाइसेन्सको दरखास्त दिने व्यक्ति, वा

(च) यी नियमहरू उल्लंघन गरे बापत ऐनबमोजिम सजाय पाउने व्यक्ति, वा

(छ) चोरी निकासी वा पैठारी, वा कालो बजारी, वा विदेशी विनिमय सम्बन्धी कुनै कसूर गरे बापत नेपाल कानूनबमोजिम सजाय पाउने व्यक्ति ।

१४. उजूर:- (१) यी नियमहरू अन्तर्गत लाइसेन्स दिने अधिकारीले दिएको कुनै निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय वा आदेशको सूचना पाएको मितिले ६ महीनाभित्र श्री ५ को सरकार, उद्योग वाणिज्य मन्त्रालय मार्फत श्री ५ को सरकारमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उजूर गर्न सक्ने छ । उजूरीपत्रमा उजूरवालाको नाम र ठेगाना, उजूरीको विषय उजूरवालाको माग र उजूरवालाले आफ्नो उजूरको आधार स्पष्ट तवरले उल्लेख गरेको हुनु पर्छ र प्रमाणको निमित्त सम्बन्धित सबै कागजात पत्रहरूको नक्कल पनि उजूरीपत्रसाथै पेश गर्नुपर्छ । उजूरीपत्रको आखिरी प्रकरणमा निम्नलिखित कुरा लेखी उजूरवालाले आफ्नो सही गरेको र मिति लेखेको हुनु पर्छ

यसमा लेखेको व्यहोरा ठीक साँचोछ । व्यहोरा ढाँटी झुट्टा कुरा लेखेको ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

(२) श्री ५ को सरकारमा उजुरीपत्र दिंदा साथसाथै सो उजूरीको एक प्रति नक्कल लाइसेन्स दिन अधिकारी कहां पनि पठाउनु पर्छ ।

१५१

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

लाइसेन्स नम्बरः— सिलसिलेवार नम्बर ........
Licence No:— Serial No ..........

श्री ५ को सरकार

(His Majesty's Government of Nepal)

उद्योग वाणिज्य मन्त्रालय

(Ministry of Industries & Commerce)

वाणिज्य विभाग

(Department of Commerce)

निकासी लाइसेन्स

Export Licence

(लाइसेन्स दिने अधिकारीबाट बाहेक अपरिवर्तनीय)

( Not transferable except under a letter of authority by the licencing Authority)

श्री....................लाई नेपालबाट भारतमा निम्नलिखित माल वस्तु निकासी गर्ने इजाजत दिइएको छः—

Mr/Messrs............is are hereby authorised to export from Nepal the following goods:-

१. निकासी गरिने देशको नाम.........................
Destination of the importing country...............

२. माल वस्तुको विवरण..............................
Description of goods.......................

३. मूल्य..........................................
Value..................

४. निकासी गर्ने इलाका..............................
Area from where export to be made..................

५. रेल्वे स्टेशन....................................
Railway Station.....................

६. निकासी गर्ने म्याद..............................
Period of Shipment...............................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. निकासी गरिने भन्सारको नाम..................

Name of the Customs Office through which export to be made ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

८. कुन ब्यांक मार्फत भुक्तानी लिने, अरू कुनै तरीका..............

Name of the Bank through which payment is to be realised... ... ... ... ... . . ... ... ... ..,. . ... ... ......

९. बिक्री भै आएको रकम कहां जम्मा हुने ?

The Value of goods where to be deposited...........

प्रतिबन्धः— माल निकासी हुने समयमा निकासीसम्बन्धी कुनै नयां किसिमको नियम लागू भएमा सो नियमको अधीनमा रहने गरी यो लाइसेन्स दिइएको छ ।

Exception- This licence is issued to the party subject to the rules and regulations relating to export of goods from Nepal to be issued at the time of export of the said goods.

सिंहदरवार, काठमाडौं, नेपाल ।

Singha Durbar, Kathmandu, Nepal.

निर्देशक तथा नियन्त्रक

Director-Cum-Controller.

मितिः—

Date:—

९२

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाइसेन्स नम्बरः— सिलसिलेवार नम्बर.........

Licence No:— Serial No ...........

श्री ५ को सरकार

(His Majesty's Government of Nepal)

उद्योग वाणिज्य मन्त्रालय

(Ministry of Industries & Commerce)

वाणिज्य विभाग

(Department of Commerce)

पैठारी लाइसेन्स

Import Licence

(लाइसेन्स दिने अधिकारीबाट बाहेक अपरिवर्तनीय)

(Not transferable except under a letter of authority by the licencing Authority)

श्री..........................लाई भारतमा बनेको निम्नलिखित माल वस्तु भारतबाट नेपाल अधिराज्यमा पैठारी गर्न लाइसेन्स दिइएको छ।

Mr/Messrs...........................is/are hereby authorised to import into Nepal from India the following goods of Indian origin.

१. माल चलान हुने देशको नाम..........................

Country from which consigned.....................

२. माल वस्तुको विवरण..................................

Description of goods..............................

३. परिमाण............................................

Quantity..........................................

४. मूल्य..............................................

Value.....................

५. पैठारी गर्ने अञ्चल वा क्षेत्र.......................

Name of the zone where to be imported.....................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. नेपालभित्र कुन भन्सार मार्फत आयात हुने..........

Name of the customs office from where the goods will be entered into Nepal... ... ... ... ... . . . ....

७. रेल्वे ष्टेशन... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

Railway Station... ... ... ... ...

८. पैठारी गर्ने म्याद

Period of arrival of the Shipment... ... ... ... ...

९. भारतबाट ए. आर. वन फर्म वा स्थानीय खरीद कुन तरीकाबाट ल्याउने:—

Mode of Import i. e. under Ar1 Form or Local Purchase in India-

१०. कुन बैंक मार्फत भुक्तानी दिने, भुक्तानीको अरू कुनै तरीका

Name of the Bank through which payment. to be made Any other mode of payment.

प्रतिबन्ध:— माल पैठारी हुने समयमा पैठारीसम्बन्धी कुनै नयां किसिमको नियम लागू भएमा सो नियमको अधीनमा रहने गरी यो लाइसेन्स दिइएको छ ।

Exceptions:- This licence is issued to the Party subject to the rules and regulations relating to import of goods into Nepal to be issued at the time of import of the said goods.

सिंहदरवार, काठमाडौं, नेपाल ।

Singha Durbar, Kathmandu, Nepal.

निर्देशक तथा नियन्त्रक

Director-Cum-Controller.

मितिः—

Date:—

आज्ञाले—

कुमारमणि आ. दीक्षित

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग वाणिज्य–मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभर निम्न वस्तुहरू पैठारी नियन्त्रण गर्न आवश्यक भएकोले नेपाल राजपत्रमा यो सूचना प्रकाश भएको मितिदेखि देहायको प्रकरण (१) मा उल्लेख भएको अधिकारीहरूबाट इजाजतपत्र प्राप्त गरी मात्र पैठारी गर्न पाउने गरी नियन्त्रण गरेको छः–

१) बाग्मती अञ्चलमा वाणिज्य विभागबाट र जील्लाहरूमा वाणिज्य विभागको शाखा रहेको स्थानमा सोही शाखाबाट र सो नरहेको स्थानमा मूल भन्सारका प्रमुखहरूबाट इजाजतपत्र लिनुपर्ने छ ।

२) भारतमा केन्द्रीय अन्तः शुल्क लागेका वस्तुहरू पैठारी गर्दा स्वीकृत कार्य प्रणालीअनुसार ए. आर. वन. फर्मबाट माल पैठारी गर्नु पर्छ ।

३) पैठारी गर्न नियन्त्रण गरिएका वस्तुहरूः–

(१) फाइन, सुपर फाइन र त्यस्तै बहुमूल्य कपडाहरू ।

(२) कृत्रिम रेशमी कपडा, धातु मिसिएको धागोबाट बनेका कपडाहरू ।

(३) नाइलनको कपडा ।

(४) रेशमबाट बनेको कपडा ।

(५) जुहारात ।

(६) नक्कली जुहारात ।

(७) तयार पारिएको सुती, उनी, रेशमी र नाइलनका कपडाहरू ।

(८) प्लाष्टिकका सामानहरू, प्लाष्टिकका खेलौनाहरू तर प्लाष्टीक काइंयोमा यो नियन्त्रण लागू हुने छैन ।

(९) नक्कली गहनाहरू ।

(१०) कस्मेटिक गुडस । तर लुगा धुने नुहाउने अरू धुने साबुनहरू दाँतमा लाउने मञ्जनहरू, दाँतको ब्रुस, टूथपेष्ट, दारी बनाउने सामान, काइंयो नङ काट्ने र मेडिकेटेड पाउडरमा नियन्त्रण हुने छैन ।

(११) सुर्ती र सुर्तीबाट बन्ने वस्तुहरू ।

(१२) रक्सी र बिएर ।

४) वाणिज्य विभाग वा भन्सार प्रमुखले इजाजतपत्र दिने सम्बन्धमा सल्लाह दिन निम्न सदस्य भएको एक पैठारी व्यवस्था समिति रहनेछः–

(क) श्री ५ को सरकारले तोकिदिएको वाणिज्य निर्देशक वा उप-निर्देशक–अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वाणिज्य विभागको कार्यालय नरहेको स्थानमा भन्सार प्रमुख अध्यक्ष हुनेछन् ।

तर वणिज्य बिभागको कार्यालय रहेको स्थानमा भन्सार प्रमुख सदस्य मात्र हुनेछन् — सदस्य

(ग) नेपाल उद्योग व्यापार संघ रहेको स्थानमा सो संघको एकजना प्रतिनिधि र सो नभएको स्थानमा व्यापार संघको केन्द्रीय समितिले सिफारिश गरेको एकजना प्रतिनिधि — सदस्य

(घ) व्यावसायिक बैंकका एक एकजना प्रतिनिधिहरू — सदस्य

(ङ) समितिको अध्यक्षले नियुक्त गरेको कुनै राजपत्रांकित अधिकृत — सचिव

५) वाणिज्य विभागको कार्यालय रहेको स्थानमा सो ठाउंको प्रमुखले र सो नभएको स्थानमा प्रमुख भन्सार अधिकृतले र निजहरू अनुपस्थित रहेको अवस्थामा निमित्त वा का. मु. गर्ने अधिकृतले इजाजतपत्र प्रदान गर्नेछन् ।

६) नेपाल बैंक वा राष्ट्रिय वाणिज्य बैंक रहेको स्थानमा उपर्युक्त मालहरू बैंकमार्फत नै झिकाउनु पर्नेछ ।

७) माथि प्रकरण (३) मा उल्लेख भएका नियन्त्रणहरू मध्ये खण्ड ५ र ८ मा उल्लेख भएका वस्तुहरूबाहेक अन्य प्रकरणहरूमा उल्लेख भएका वस्तुहरू निजी उपभोगको निमित्त रू. १०००।– (एक हजार) सम्म ल्याउनेलाई इजाजतपत्र लिनुपर्ने छैन ।

८) विदेशी सैनिक सेवामा काम गर्ने नेपाली नागरिकहरू बिदामा वा सेवाबाट अवकाश प्राप्त गरी नेपाल अधिराज्यभित्र आउँदा पैठारी गरेका वस्तूहरूको हकमा यस सूचनाले नियन्त्रण गरेको मानिने छैन ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

१२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।